नगराईन नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : ६ मिति : २०८१/०२/२५


भाग–१

## नगराईन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

नगराईन, धनुषा

मधेश प्रदेश, नेपाल

## खानेपानी ( चापाकल ) सेवा संचालन कार्यविधि २०८१

## प्रस्तावना

नगराईन नगरपालिका क्षेत्रमा खानेपानी सेवा उपलब्ध गराउने सेवा प्रदायकद्वारा संचालन गरिएका खानेपानी सेवाको अनुगमन, मुल्यांकन, सुपरिवेक्षण, नियमन एवं समन्वय गर्दै त्यस्तो सेवा संचालनमा गुणस्तरीयता, नियमितता, एकरुपता, पारदर्शिता एवं जवाफदेहिता कायम गरि खानेपानी सेवा प्रवाहलाई गुणस्तरीय, भरपर्दो एवं सर्वसुलभ बनाउन स्थानीय सरकार संचालन ऐन ,२०७४ को दफा ११ को उपदफा (२० घ मा व्यबस्था भए बमोजिम कार्यविधि बनाइ कार्यान्वयन गर्न आवश्यक भएकोले सोहि ऐनको दफा (१०२) ले दिएको अधिकार प्रयोग गरि नगराईन नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरि जारि गरेको छ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम बिस्तार प्रारम्भ**

१) यो कार्यविधिको नाम "नगराईन नगरपालिको खानेपानी (चापाकल) सेवा संचालन कार्यविधि , २०८१ '' रहेको छ।

२) यो कार्यविधि नगराईन नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत भई प्रमाणीकरण भएको मिति देखि प्रारम्भ हुनेछ।

३) यो कार्यविधि नगराईन नगरपालिका भित्र क्षेत्र लागु हुने छ।

**२. परिपाषा**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क) "नगरपालिका'' भन्नाले नगराईन नगरपालिकालाई सम्झनु पर्छ।





ख) "प्रमुख'' भन्नाले नगराईन नगरपालिकाका नगर प्रमुख सम्झनु पर्छ।

ग) " उपप्रमुख" भन्नाले नगराईन नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ।

घ) " प्रमुख प्रशासकीय अधिकृत; भन्नाले नगराईन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

ङ) " सेवा प्रदायक'' भन्नाले खानेपानी (चापाकल) उपलब्ध हुने व्यक्ति, समुह,संस्था वा अन्य कुनै संघ, संस्था वा निकायलाई सम्झनु पर्दछ।

च) "खानेपानी'' भन्नाले घरेलु तथा सार्वजनिक स्थल, व्यक्तिगतका लागि आपूर्ति गरिने चापाकलबाट उपलब्ध हुने पानी सम्झनु पर्दछ।

छ) " ग्राहक '' भन्नाले खानेपानीको लागि उपलब्ध गराइने चापाकल प्राप्त गर्ने व्यक्ति, समुदाय, संघ, संस्था सम्झनु पर्दछ।

ज) "श्रोत '' भन्नाले भू-सतह वा भूमिगत रुपमा रहेको खानेपानीको श्रोत सम्झनु पर्दछ।

झ) "उपभोक्ता समिति '' भन्नाले खानेपानी उपलब्ध गराउन वितरण गर्न गठन भएका उपयोग गर्ने व्यक्तिहरुबाट गठित उपभोक्ता समिति सम्झनु पर्दछ।

## उदेश्य

३. **उदेश्य :**

नगराईन नगरपालिकाको खानेपानी (चापाकल) सेवा संचालन कार्यविधि २०८१ को उदेश्य देहाय अनुसार रहने छ।

क) नगराईन नगरपालिका क्षेत्र भित्र रहेका अति बिपन्न, शुद्ध खानेपानी (चापकाल) हाल सम्म उपलब्ध नभएका, नगरबासीहरुलाई सर्वसुलभ रुपमा स्वच्छ र गुणस्तरीय पानी उपलब्ध गराउनु।

ख) हाल खानेपानी (चापाकल) जडान भएका तर बेला बखत चापाकलहरुमा पानीको श्रोत कमि भई चापाकल सुखेर पानीको हाहाकार हुने मानिस, गाइ भैसी चौपायाहरुलाई समेत पानी खान कठिनाई हुने समस्यालाई समाधान गर्न सार्वजनिक स्थलहरुमा पानीको लेयर अधिक हुने गरि चापाकल कल जडान गरि खानेपानी को समस्या समाधान गराउनु।

ग) नगराईन नगरपालिकालाई खानेपानी अभाव मुक्त बनाउनु।

## परिच्छेद -३
## नगरपालिकाको दायित्व सम्बन्धि व्यवस्था

४. **नगरपालिकाको दायित्वा हुने :**

(१) नगरपालिकाले नगर क्षेत्र भित्र शुद्ध खानेपानीबाट बन्चित व्यक्ति तथा दैनिक जनजीवन बिताउनको लागि खानेपानी अभावबाट प्रभावित समुदाय,व्यक्तिहरुमा प्रभावकारिता ल्याउन निम्न दायित्व पुरा गर्ने छ।





क) शुद्ध खानेपानी उपलब्ध नभएका नगर क्षेत्रका व्यक्तिहरुको वडा कार्यालय मार्फत लागत तयार गर्न लगाउने छ।

ख) खानेपानीको लागि चापाकल नभएका व्यक्तिहरुलाई शुद्ध खानेपानी पिउनको लागि एक घर एक चापाकलको ब्यबस्थापन गर्ने छ।

ग) सर्वसाधारण प्रत्येक व्यक्तिलाई सहज र सुलभ तरिकाले शुद्ध खानेपानी उपलब्ध गराउनको लागि सार्वजनिक स्थालमा स्वतः संचालित बोर्डिंग, चापाकल जडान गरि खानेपानी उपलब्ध गराउने छ।

घ) नगर पालिका क्षेत्रभित्र आर्थिक अबस्था कमजोर भै अन्य व्यक्तिको निजि चापाकलबाट दैनिक जीवन यापन गर्न खानेपानी ब्यबस्थापन गरि रहेका व्यक्तिहरु जसले निजि स्तरमा चापाकल जडान गराउन नसक्ने बिपन्न,गरिब,असाहाय एकल महिला, अपाङ्गता भएका व्यक्तिहरुलाई निजि स्तरमा शुद्ध खानेपानी प्रयोग गर्नको लागि एक थान चापाकल उपलब्ध गराउने छ।

घ) एक घर एक चापकाल भएका व्यक्तिलाई कुनै पनि अबस्थाम निजिस्तरमा चापाकल उपलब्ध गराउने छैन।

ङ) चापाकल वितरण प्रणालीलाई चुस्त , दुरुस्त,प्रभावकारी एवं गुणस्तरीय बनाउन प्रत्येक वडामा वडाअध्यक्षको अध्यक्षतामा एक खानेपानीको लागि चापाकल वितरण समिति गठन गरिने छ।

च) प्रत्येक वर्ष शुद्ध खानेपानी उपलब्ध नहुने व्यक्तिहरुको लागि लागत तयार गरि आबश्यकता अनुसार वडामा चापाकलको लागि माग गर्न सुचना प्रकाशन गरि योजना बनाउने र सो योजना नगर स्तरीय चापाकल वितरण समितिबाट अनुमोदन गराई आबश्यक खरिद प्रक्रिया अपानाइ वितरण गरिने छ।

छ ) नगराईन नगरपालिकाबाट वितरण गरिने चापाकल पुर्णरुपमा निशुल्क वितरण गरिने छ ।

ज) चापाकल जडान, लागत अनुसारको सामग्री खरिद वापत सेवाग्राहीबाट कुनै किसिमको शुल्क लिन पाउने छैन । सेवाग्राहीबाट कुनै किसिमको शुल्क लिएमा आर्थिक अनियमितता भएको ठहर हुने छ ।

झ) नगरक्षेत्र भित्र संचालन गरिने वा सार्वजनिक स्थानमा जडान गरिएका बोर्डिंग,चापाकलको नियमि मर्मत सम्भार वडा कार्यालयको सिफारिसमा प्राबिधिकद्वारा लागत इष्टिमेट तयार गरि मर्मत सम्भार गर्नु गराउनु पर्ने छ ।

## परिच्छेद – ४
## शुद्ध खानेपानी ( चापाकल ) वितरण तथा संरक्षण

**५. नगर क्षेत्रभित्र वितरण गरिने शुद्ध खानेपानीको लागि चापाकल वितरण सम्बन्धि नगर तथा वडा स्तरीय समिति गठन**

क) यस नगराईन नगरपालिका क्षेत्र भित्र शुद्ध खानेपानीको लागि वितरण गरिने बोर्डिंग , चापाकलको लागि तपसिल अनुसारको एक नगर स्तरीय चापाकल वितरण तथा निर्देशन समिति रहने छ ।

| | |
|---|---|
| १. नगर प्रमुख | - संयोजक |
| २. उपप्रमुख | - सदस्य |
| ३. सामाजिक बिकास समितिका अध्यक्ष | - सदस्य |
| ४. प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ५. योजना शाखा प्रमुख | - सदस्य |





| | |
|---|---|
| ६. प्राबिधिक शाखा प्रमुख | - सदस्य |
| ७. वातावरण शाखा वा प्रशासन शाखा प्रमुख | - सदस्य सचिब |

ख) चापाकल वितरण तथा निर्देशन समितिको काम कर्तव्य

१. निर्देशन समितिको बैठक आवश्यकता अनुसार संयोजकको निर्देशनमा सदस्य सचिबले बोलाउने छ ।

२. बैठक सम्बन्धि कार्यविधि निर्देशन समिति आफैले व्यवस्थापन गर्ने छ ।

३. निर्देशन समितिको बैठकमा विज्ञ लाइ आमन्त्रित गरि राय सुझाब लिन सक्ने छ ।

४. नगर क्षेत्र भित्र खानेपानी उपलब्ध गराउन चापाकल वितरण सम्बन्धि कुनै किसिमको बाद बिबाद भएमा निर्देशन समितिले सहजीकरण गरि विवाद समाधान गर्न सहयोग गर्ने छ ।

५. वडा बाट चापाकलको लागि सिफारिस भई आएको व्यक्ति संस्था वा जडान गरिने जग्गा सम्बन्धमा छानबिन गरि बास्तबिक लाभाग्राहिलाई चापाकल उपलब्ध गराउन सहयोग गर्ने छ ।

६. चापाकल वितरण सम्बन्धि कुनै किसिमको उजुरी परेमा सोको छानबिन गरि ऐन कानुन अनुसार निराकरण गर्ने ।

७. आबश्यकताको पहिचान गरि कार्य योजना बनाउने छ ।

८. चापाकल वितरणको लागि आबश्यकता अनुसार योजना बनाइ बजेट माग गर्ने ।

६ . वडा भित्र वितरण गरिने शुद्ध खानेपानीको लागि चापाकल वितरण सम्बन्धि वडा स्तरीय समिति गठन ।

क) नगराईन नगरपालिका अन्तरगतको वडाहरुमा शुद्ध खानेपानीको लागि वितरण गरिने बोर्डिंग, चापाकलको लागि तपसिल अनुसारको एक वडा स्तरीय चापाकल वितरण समिति रहने छ।

| | |
|---|---|
| १. वडा अध्यक्ष | - संयोजक |
| २. वडामा निर्वाचित महिला सदस्य दुई जना | - सदस्य |
| ३. वडामा निर्वाचित पुरुष सदस्य दुई जना | - सदस्य |
| ४ . वडा सचिव | - सदस्य सचिब |

ख) वडा स्तरीय चापाकल वितरण तथा निर्देशन समितिको काम कर्तव्य वडा भित्र सुद्ध खानेपानी बाट बन्चित व्यक्तिहरुको लागत संकलन गर्ने।

- चापाकल नभएका अति गरिब , बिपन्न,एकल महिला , अपाङ्गता भएका व्यक्तिहरुको आबश्यकता पहचान गर्ने।
- एक घर एक चापाकल योजना अनुसार आर्थिक अबस्था कमजोर भएका व्यक्तिहरुको सुची तयार गर्ने।
- संकलित नामावली अनुसार वडा स्तरीय चापाकल वितरण समितिमा छलफल गर्ने र आबश्यकता भएका बास्तविक व्यक्तिहरुको पहचान गर्ने।
- वडाबाट छनौट भएका चापाकल आवश्यक व्यक्तिहरुको नामावली नगर स्तरीय चापाकल वितरण तथा निर्देशन समितिमा पठाउने।
- चापाकल वितरण सम्बन्धि सिफारिस गर्दा पहिला नगर, वडा वा अन्य कुनै सरकारी / गैर सरकारी संघ संस्था चापाकल लिएका व्यक्ति वा परिवारलाई पुनः चापाकलको लागि सिफारिस नगर्ने।





- आर्थिक अबस्था राम्रो भएका आफनै लगानीमा पक्कि घर निर्माण गरेका वा पक्कि निर्माणाधीन भवन वाला सेवा ग्राहीहरुलाई निशुल्क चापाकलको लागि सिफारिस नगर्ने।
- नेपाली नागरिक बाहेक गैर नेपालि नागरिकलाई निशुल्क चापाकलको लागि सिफारिस नगर्ने।
- चापाकल वितरण छनौट प्रक्रिया सार्वजनीक सुचना प्रकाशन गरि गर्ने।
- चापाकलको वितरण पूर्णरुपमा निशुल्क गर्ने।
- चापाकल वितरणको लागि खरिद प्रक्रिया सार्वजनिक खरिदऐन कानुनको भित्रमा मात्र खरिद तथा वितरण गरिनेछ।
- चापाकल वितरण उपभोक्ता समिति, लाभग्राही समिति वा अन्य कुनै समितिको माध्यमले गरिने छैन।
- वडा भित्र संचालित खानेपानीको लागि चापाकल सम्बन्धि योजनाको अनुगमन , निरीक्षण गर्ने।
- जडान भै लागत इष्टिमेट अनुसार काम सम्पन्न भए पछी भुक्तानीको लागि सिफारिस गर्ने।
- पक्कि घर निर्माण गरेका वा पक्कि निर्माणाधीन भवन वाला सेवा ग्राहीहरुलाई जसको आर्थिक अबस्था कमजोर भएका वा ऋण कर्जा गरि घर निर्माण गरेका सेवा ग्राहीलाइ निशुल्क चापाकलको लागि सिफारिस गर्ने।

## परिच्छेद – ५

## खानेपानी सेवा उपलब्ध गराउने प्राथमिकताका आधार

**७. सेवा प्रदायकले देहाय बमोजिमको प्राथमिकताका आधारमा खानेपानीको लागि चापाकल उपलब्ध गराउनु पर्ने छ।**

क. स्वास्थ्य चौकी,अनाथलय ,वृद्धाश्रम तथा सामाजिक संस्था।

ख. कुनै प्राकृतिक वा दैवी प्रकोपका कारणले अस्थायी रुपमा खडा गरिएका शिबिर।

ग. सार्वजनिक तथा सामाजिक सेवा प्रवाह गर्ने कार्यालयहरु।

घ. सार्वजनिक महत्वको स्थल।

ङ. अति बिपन्न, असाहाय,एकल महिला, अपाङ्गता भै जीवन यापन गर्न कठिनाइ भएका व्यक्ति।

च. समितिबाट छनौट भएका सर्वसाधारण नागरिकको आवास गृह ।

## परिच्छेद – ६

## अनुगमन तथा सुपरिवेक्षण

**८. अनुगमन तथा सुपरिवेक्षण समिति :**

क. नगराईन नगर पालिका भित्र संचालन हुने शुद्ध खानेपानीको लागि चापाकल वितरण योजनाको सेवाग्राहिमा प्रभाव, भौतिक संरचना, खानेपानीको गुणस्तर जस्ता बिषयहरुको अनुगमन गर्न देहाय अनुसारको नगर स्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति रहने छ।





| | |
|---|---|
| नगर उपप्रमुख | - संयोजक |
| नगर स्तरीय अनुगमन समितिका कार्यपालिका सदस्य दुई जना | – सदस्य |
| प्राबिधिक शाखा प्रमुख वा प्रतिनिधि | – सदस्य |
| सम्बन्धित वडाको वडाध्यक्ष | – सदस्य |
| सम्बन्धित वडा सचिब | – सदस्य |
| योजना शाखा प्रमुख | – सदस्य सचिब |

ख. दफा (८) को उपदफा (क) बमोजिमको अनुगमन तथा सुपरिवेक्षण समितिले तयार पारेको अनुगमन सम्बन्धि प्रतिबेदन निर्देशन समितिमा पेश गर्नु पर्ने छ।

ग. निर्देशन समितिले आफु समक्ष प्राप्त भएका प्रतिबेदन नगर कार्यपालिकाको बैठकमा पेश गरि निर्णय भए अनुसार कार्यन्वयन गर्न सहयोग गर्नु पर्ने छ।

## परिच्छेद – ७

## बिबिध

**९. विनियम बनाउन सक्ने**

(१) यो कार्यविधिको कार्यन्वयनका लागि नगरपालिकाले विनियम बनाउन सक्नेछ।

**१०. बाधा अड्काउ फुकाउने :**

(१) यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै कठिनाइ वा बाधा आई परेमा सोको बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकालाई हुने छ।

(२) नगर कार्यपालिकाको बैठकले बाधा अड्काउ फुकाउने बिषयमा गरेको निर्णयको पालना गर्नु सम्बन्धित सबैको कर्तब्य हुनेछ।

(३) बाधा अड्काउ फुकाउने सम्बन्धि नगर कार्यपालिकाले गरेको निर्णय यो कार्यविधिको अंग मानिनेछ।

**११. कार्यविधिमा संशिधन :**

(१) यस कार्यविधिमा भए रहेका प्रावधानहरुको संशोधन,थपघट तथा खारेजी गर्ने अधिकार नगर कार्यपालिकालाई हुने छ।

**१२. बचाउ**

(१) नगराईन नगरपालिकाबाट खानेपानीको लागि चापाकल वितरण सेवा संचालन सम्बन्धि यस अधि भए गरिएका कामहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ।

प्रमाणिकरण मिति : २०८१/०२/०६ गते

आज्ञाले,
राम गुलाम लाल कर्ण
प्रमुख प्रशासकीय अधिकृत



खण्ड : १ संख्या : ६ मिति : २०८१/०२/२५